Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोनः 033-520605
Mob. 9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.०८०/०८१
च.नं.

**प्राङ्गारिक मल, कृषि चुन, जिंक तथा सूक्ष्म तत्व आपुर्तिको लागि आपुर्तिकर्ता संस्था/फर्म/कम्पनी सूचिकृत तथा प्रति के.जी. दरभाउ सहित सिलवन्दी आवेदन/प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

सूचना प्रकाशित मिति २०८०/१२/२५

कृषि ज्ञान केन्द्र, सिरहाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"प्राङ्गारिक मल प्रवर्द्धन कार्यक्रम" अन्तर्गत ७५ प्रतिशत अनुदानमा प्राङ्गारिक मल, कृषि चुन, जिंक तथा सूक्ष्म तत्व** सिरहा जिल्लाका कृषकहरुलाई बिक्री बितरण गर्नु पर्ने भएकोले प्राङ्गारिक मलको हकमा "प्राङ्गारिक तथा जीवाणुमल निर्देशिका, २०७८" अनुसार सूचीकरण भएको तथा अन्य मल (कृषि चुन, जिंक तथा सूक्ष्म तत्व) हकमा गुणस्तर युक्त भएको र मल बिक्रीको लागि बिक्रेता प्रमाण पत्र लिएको आपुर्तिकर्ताहरुले प्रति इकाई दरभाउ सहितको शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन भएको मितिले १५ औ दिन (मिति २०८१/०१/०९ गते) १२.० बजे भित्र निर्धारित ढाँचामा विस्तृत विवरण उल्लेख गरी हरेक पानामा आवेदकले सही छाँप गरी प्रमाणित गरेको आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा पेश गर्न यो यो सूचना प्रकाशित गरिएको छ । आवेदकको सहि छाँप नभएको पाना मान्य नहुने तथा स्वतः रद्द हुने छ ।

प्राप्त प्रस्तावहरु मध्ये न्यूतम मूल्यको आधारमा अनुदान स्विकृत हुने तथा प्राप्त प्रस्तावहरु मध्ये छनौट सूचिमा परेका आपूर्तिकर्ताहरु संग प्रति ईकाई आपूर्ति सम्झौता गरी यस कार्यालयको आपूर्ति (सिफारिश) टोकनको आधारमा अनुदानग्राही कृषकलाई बिक्री (आपूर्ति) गरी कुल लागत मध्ये अनुदानग्राही कृषक दायित्वको रकम कृषकबाट नै भुक्तानी (बुझि) लिई मल आपूर्ति/बिक्री गरेको परिमाणको आधारमा बिल भरपाई लगायतका कागजात पेश गरी स्विकृत/तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारित आपूर्ति प्रकृया अनुसार कार्य संचालन हुने छ ।

आवेदन प्रस्ताव फाराम रु.१०००.० (एक हजार मात्र) पछी फर्ता नहुने गरी यस कार्यालयको नाममा राजश्व शिर्षक नं १४२२९ मा बैक दाखिला गरी भौचर पेश गरे पश्चात यस कार्यालयबाट प्राप्त गर्न सकिन्छ । अन्य विस्तृत जानकारी आवेदन फाराममा उल्लेख गरिएको छ । आवेदन प्रस्तावपत्र सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

यस सम्वन्धी थप जानकारीका लागि यस कार्यालयको सूचना अधिकारी श्री परमानन्द चौधरी, मो.न. ९८५२८८०५०१ र कार्यक्रम संचालन गर्न जिम्मेवारी तोकिएको अधिकृत छैठौं श्री नथुनी यादव, मो.न. ९८५२८५०६०५ मा सम्पर्क गर्न सकिन्छ ।

...........................................
कृषि ज्ञान केन्द्र, सिरहा

नरेन्द्र कुमार महतो
प्रमुख